२०८१

एक महिने प्रमाणीकरण तालिम पाठ्यक्रम

नेपाली

आधारभूत तह (कक्षा ६-८)

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

विषयसूची

क्र. स.	विषयवस्तु	पृष्ठ सङ्ख्या
१	परिचय	१
२	सक्षमता	१
३	तालिमको संरचना	२
४	विषयवस्तु	३
५	तालिम कार्यान्वयन कार्यविधि	८
६	मूल्याङ्कन	९
७	परियोजना कार्य	१२

१. परिचय

शिक्षकको निरन्तर पेसागत विकासअन्तर्गत शिक्षक तालिम एक महत्त्वपूर्ण पक्ष हो । शिक्षक दक्ष तथा सक्षम हुनलाई आफूले शिक्षण गर्ने विषयमा निरन्तर पेसागत सहयोगको आवश्यकता पर्दछ । शिक्षक सक्षमता प्रारूप, शिक्षकको पेसागत विकास प्रारूप तथा विद्यालय तहको परिवर्तित पाठ्यक्रमका आधारमा आधारभूत तहको नेपाली भाषा विषयको तालिम पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रमले शिक्षकलाई नयाँ प्रविधि, उपागम, तौरतरिकाहरूसित परिचित गराई नेपाली भाषा शिक्षण सिकाइमा प्रभावकारिता ल्याउने अपेक्षा गरिएको छ ।

आधारभूत तहका नेपाली भाषा शिक्षकका लागि तालिम प्रदान गर्न यो पाठ्यक्रम तयार गर्दा शिक्षकको विषयगत आवश्यकता, शिक्षण विधि तथा प्रविधिलाई समेत ख्याल गरिएको छ । यस तालिम पाठ्यक्रममा आधारभूत तह कक्षा ६ देखि ८ को नेपाली भाषा विषयको पाठ्यक्रम विश्लेषण, बोध र अभिव्यक्तिका कार्यकलाप, शब्दभण्डार, भाषिक संरचना र वर्णविन्यास शिक्षण, भाषिक प्रकार्य, सहकार्यात्मक सिकाइ, भाषा शिक्षणमा शैक्षणिक तथा सन्दर्भ सामग्रीको निर्माण र प्रयोग, शिक्षणसिकाइ योजना र शिक्षण अभ्यास, विद्यार्थी मूल्याङ्कनका साधन र तरिकाहरू जस्ता विषयवस्तुहरू समावेश गरिएका छन् । यसका माध्यमबाट शिक्षकहरूमा ज्ञान, सिप, दक्षता र सकारात्मक अभिवृत्ति विकास भई विद्यार्थीमा नेपाली भाषाप्रति रुचि राख्ने र यसको व्यावहारिक प्रयोग गर्ने सिप विकास हुने अपेक्षा गरिएको छ ।

२. सक्षमता

नेपाली विषयको तालिमपश्चात् शिक्षकहरूमा निम्नअनुसारका सक्षमता विकास हुने छन् :

- आधारभूत तहको नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको उपयोग
- भाषिक सिप विकासका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकासका कार्यकलापहरूको उपयोग
- भाषिक संरचना, वर्णविन्यास, शब्दभण्डार र भाषिक प्रकार्यको उत्पादनमूलक प्रयोग
- सिकाइमा सिर्जनात्मक, प्रयोगात्मक तथा खोज कार्यको उपयोग
- सिकाइमा सहकार्यात्मक सिकाइ मनोवृत्तिको विकास

- भाषिक सिप विकासमा शैक्षणिक तथा सन्दर्भ सामग्री सङ्कलन, निर्माण तथा प्रयोग
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शैक्षणिक योजना निर्माण र प्रयोग
- भाषिक सिप विकासमा आन्तरिक मूल्याङ्कन प्रक्रियाका साधनको निर्माण र उपयोग
- समावेशी अवधारणामा आधारित कक्षाकोठा व्यवस्थापन

३. तालिमको संरचना

- प्रमाणीकरण तालिम ३० कार्य दिनको हुने छ।
- ३० कार्यदिनलाई १५/१५ कार्यदिन हुने गरी दुई खण्डमा विभाजन गरिने छ।
- पहिलो खण्डको १५ कार्य दिने तालिम आमनेसामने (Face to face), अनलाइन (Online) तथा मिश्रित (Blended) पद्धतिमा आधारित भई समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरूको प्रयोग गरिने छ ।
- दोस्रो खण्डको १५ कार्य दिने विद्यालयमा आधारित तालिमको क्रियाकलापहरू पहिलो खण्डको तालिम समाप्त भएको मितिले ६० दिनभित्र तल तालिकामा दिइएका कार्यहरू सम्पन्न गर्नुपर्ने छ र सम्पादन गरेका कार्यहरूको विस्तृत प्रतिवेदन तयार गरी शिक्षा तालिम केन्द्रले निर्धारण गरेको मितिमा अनिवार्य रूपमा प्रस्तुतीकरण गर्नुपर्ने छ।

विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू

क्र.स.	क्रियाकलाप	भार (कार्यदिन)
१	कम्तीमा दशओटा पाठयोजनासहित अभ्यास शिक्षण	३
२	शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP)	२
३	कार्यमूलक अनुसन्धान	२
४	पाठ अध्ययन अभ्यास (Lesson Study Practice) (योजना, कार्यान्वयन, प्रतिबिम्बन र सुधार)	२
५	सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग	२
६	सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग	२

७	पन्ध्र दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य	२
जम्मा दिन		१५

४. विषयवस्तु

क्रस	विषयवस्तु	विषयवस्तुको विस्तृतीकरण	सत्र
१	पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अध्ययन	• पाठ्यक्रमको ढाँचा, विशेषता र प्रयोग (सक्षमता र सिकाइ उपलब्धि, क्षेत्र र क्रम, सहजीकरण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया तथा त्यसको कार्यान्वयन र कक्षा प्रयोग) • पाठ्यपुस्तकका विशेषता र प्रयोग : पाठगत संरचना (पाठ र अभ्यास) को बोध र कक्षा प्रयोग • शिक्षक निर्देशिकाको प्रयोग • पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाबिचको अन्तरसम्बन्ध र सिकाइमा प्रयोग	२
२	सुनाइ र बोलाइ सिप विकास	• सुनाइ र बोलाइ सिप विकासमा विधागत कार्यकलापहरूको उपयोग ➢ विषयवस्तुको सुनाइ र बोध ➢ श्रुतिवर्णन ➢ विषयवस्तुको अनुमान र कल्पना ➢ प्रश्नोत्तर ➢ विषयवस्तुको विस्तार वा सिर्जना	३

		➢ विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण	
३	पढाइ सिप विकास	• पढाइ सिप विकासमा विधागत कार्यकलापहरूको उपयोग ➢ समयबद्ध सस्वरपठन ➢ विषयवस्तु बोध ➢ छलफल र प्रश्नोत्तर ➢ धारणा निर्माण र प्रस्तुति ➢ संरचना र घटनाक्रम पहिचान ➢ सन्देश ग्रहण र प्रतिक्रिया	४
४	लेखाइ सिप विकास	• लेखाइ सिप विकासमा विधागत कार्यकलापहरूको उपयोग ➢ अनुलेखन ➢ श्रुतिलेखन ➢ प्रश्नोत्तर लेखन ➢ बुँदा टिपोट र सार लेखन ➢ निर्देशित, स्वतन्त्र र अनुकरणात्मक लेखन ➢ घटनाक्रम मिलान ➢ पात्र वर्णन ➢ तार्किक अभिव्यक्ति	४
५	शब्दभण्डार	• शब्दभण्डार शिक्षण (पर्यायवाची, विपरीतार्थी, अनेकार्थी,श्रुतिसमभिन्नार्थी,पारिभाषिक/प्राविधिक, समावेशक/समावेश्य, अनुकरणात्मक, उखान टुक्कालगायतका शब्दको अर्थ पहिचान र प्रयोग) का कार्यकलापहरु र तिनको अभ्यास	२

		• शब्दभण्डार शिक्षणमा प्रयोग गर्न सकिने सामग्री र ती सामग्रीको उपयोग	
६	भाषिक संरचना र वर्णविन्यास शिक्षण	• भाषिक संरचना (शब्दस्रोत, शब्दनिर्माण, पदवर्ग, पदकोटि, कारक र विभक्ति, वाक्य पहिचान र वाक्यान्तरण) को पहिचान र प्रयोग • वर्णविन्यासको पहिचान र प्रयोग	३
७	भाषिक प्रकार्य	• अनुरोध, शुभेच्छा, प्रसंशा, मूल्याङ्कन, निर्देशन, सहयोग, सामाजिक सद्भाव र सहकार्य, उद्घोषण जस्ता भाषिक प्रकार्यको उपयोग	२
८	सिर्जनात्मक, प्रयोगात्मक र सहकार्यात्मक सिकाइ	• सिकाइमा सिर्जनात्मक कार्यको उपयोग • सिकाइमा प्रयोगात्मक र खोज कार्यको प्रयोग • सिकाइमा विद्यार्थी, शिक्षक र अभिभावकको सहकार्य • सिकाइ सञ्जालको उपयोग	३
९	भाषा शिक्षणमा शैक्षणिक तथा सन्दर्भ सामग्रीको निर्माण र प्रयोग	• शैक्षणिक, सन्दर्भ र स्रोत सामग्रीको भाषिक सिप शिक्षणमा उपयोग • भाषिक सिप शिक्षणमा उपयोग गर्न सकिने शैक्षणिक तथा सन्दर्भ सामग्रीहरूको सङ्कलन, निर्माण र प्रयोग अभ्यास (श्रव्य, दृश्य, श्रव्यदृश्य, मुद्रित, पाठ्य, स्थानीय, सिर्जनात्मक सामग्री, मल्टिमिडिया, इन्टरनेट)	३
१०	शिक्षणसिकाइ योजना र शिक्षण अभ्यास	• शिक्षणसिकाइ योजना र कक्षा सिकाइमा त्यसको प्रयोग ➢ वार्षिक शैक्षणिक कार्ययोजना ➢ एकाइ योजना	४

		➢ दैनिक पाठयोजनामा सिकाइका तह (ज्ञान, बोध, प्रयोग र उच्च दक्षता) को प्रयोग • शिक्षण अभ्यास ➢ नमुना कक्षा प्रस्तुति (सहजकर्ताबाट) ➢ सूक्ष्म शिक्षण अभ्यास ➢ पृष्ठपोषण आदानप्रदान	
११	विद्यार्थी मूल्याङ्कनका साधन र तरिकाहरू	• आन्तरिक मूल्याङ्कनका साधन र अभ्यास • भाषिक मूल्याङ्कनमा सुनाइ र बोलाइको उपयोग • विशिष्टीकरण तालिकाको उपयोग र प्रश्ननिर्माण (ब्लुम ट्याक्सोनोमीको प्रयोगसहित) अभ्यास • अक्षराङ्कन पद्धति	४
१२	कक्षाकोठा व्यवस्थापन	• भौतिक व्यवस्थापन (आकारप्रकार, तापक्रम, हावा, प्रकाश, बसाइ, छापामय कक्षाकोठा व्यवस्थापन) • शैक्षणिक व्यवस्थापन (शिक्षक र विद्यार्थी सम्बन्ध, विद्यार्थीको तहअनुरुप सिकाइ प्रबन्ध) • कक्षा पुस्तकालय प्रयोग (नमुना पढाइ, जोडी पढाइ, सस्वर, मौन पढाइ, निर्देशित पढाइ, स्वतन्त्र पढाइ, पुस्तक लेनदेन तथा पठन मूल्याङ्कन फाराम) • शिक्षणमा विविधता व्यवस्थापन (विविध पृष्ठभूमिका विद्यार्थीहरूको सिकाइ व्यवस्थापन : नेपाली पहिलो भाषाको रूपमा बोल्ने, नेपाली दोस्रो भाषाको रुपमा बोल्ने, विविध सिकाइ क्षमता, विशेष आवश्यकता भएका विद्यार्थी)	२

१३.	शिक्षक पेसागत विकासका विधिहरू	• शिक्षक पेसागत विकास प्रारुप (परिमार्जित संस्करण), २०८० अनुसार शिक्षक पेसागत विकासका विधिहरूको परिचय र पेसागत विकासमा अबलम्बन • भाषा शिक्षकका पेसागत विकासका मूलभूत पक्ष (व्यक्तिगत र पेसागत गुणहरू) • भाषाशिक्षकका पठन संस्कृति, जीवनपर्यनत सिकाइका पक्षहरू • शिक्षार्थीमा आधारित रणनीति र भाषा सिकाइ ➢ स्वनिर्देशित सिकाइ रणनीति ➢ सिकाइ अभिप्रेरणाका मूल पक्षहरू ➢ भाषिक वातावरणको निर्माण र सिकाइ • भाषासिकाइमा शिक्षार्थीकेन्द्री क्रियाकलापको चयन र प्रयोग	१
१४.	कार्यमूलक अनुसन्धान (Action Research)	• कार्यमूलक अनुसन्धान (Action Research) को अवधारणा र अभ्यास	३
१५.	पाठ अध्ययन (Lesson Study)	• पाठ अध्ययन (Lesson Study) को अवधारणा र अभ्यास	३
१६.	परीक्षा र परियोजना कार्य	• सहभागीको परीक्षा • परियोजना कार्यको अभिमुखीकरण	१

१७.	कार्ययोजना, मूल्याङ्कन तथा समापन	• कार्ययोजना निर्माण • तालिम मूल्याङ्कन • समापन	१
	जम्मा सत्र		४५

नोट: प्रत्येक सत्र १ घन्टा ३० मिनेटको हुने छ ।

५. तालिम कार्यान्वयन कार्यविधि

- यस तालिमको लक्षित समूह आधारभूत तह तहमा अध्यापनरत शिक्षकहरू हुने छन् । सहभागी छनोट गर्दा देहायका प्राथमिकताका आधार अवलम्बन गरिने छ :
  - (अ) प्रमाणीकरण तालिम नलिएका स्थायी शिक्षक
  - (आ) प्रमाणीकरण तालिम नलिएका अन्य शिक्षक
- प्रदेशस्थित शिक्षा तालिम केन्द्रमार्फत सञ्चालन हुने यस प्रमाणीकरण तालिमका सहभागीहरू स्थानीय तहबाट छनोट भएका हुने छन् ।
- शिक्षक पेसागत विकासका लागि प्रमाणीकरण तालिम शैक्षिक जनशक्ति विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम र सोका आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र वा शिक्षा तालिम केन्द्रबाट विकास गरिएका प्रशिक्षक निर्देशिका, प्रशिक्षार्थी स्रोत सामग्री र अन्य आवश्यक सामग्रीका आधारमा सञ्चालन गरिने छ।
- शिक्षा तालिम केन्द्रले प्रमाणीकरण शिक्षक तालिम सञ्चालन गर्दा स्थानीय आवश्यकतालाई समेट्ने गरी स्वीकृत तालिम पाठ्यक्रममा २०% सम्म विषयवस्तु अनुकूलन गरी सञ्चालन गर्न सक्ने छन् ।
- यस तालिमसम्बन्धी प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका प्रदेश शिक्षा तालिम केन्द्रका प्रशिक्षक वा रोस्टर प्रशिक्षकबाट तालिम सत्र सहजीकरण गरिने छ ।
- तालिमका सत्र सहजीकरण गर्दा सकेसम्म सूचना तथा सञ्चार प्रविधिलाई अधिकतम उपयोग गर्नुपर्ने छ ।
- तालिमका लागि आवश्यक सामग्रीहरू तालिम सञ्चालन अगावै व्यवस्था गर्नुपर्ने छ ।
- सामान्यतया सहभागी शिक्षकका माग र आवश्यकतालाई ध्यान दिँदै आवश्यकताअनुसार देहायबमोजिमका विधि उपयोग गर्न सकिने छ ।

- साझा तथा खुला मञ्चहरूको प्रयोग
- समकालिक (Synchronous) र असमकालिक (Asynchronous) विधिहरू
- स्वाध्याय विधि
- अनुसन्धानात्मक विधि
- प्रतिबिम्बात्मक विधि
- परियोजना विधि
- दूर सिकाइ विधि
- अन्तर्क्रिया तथा छलफल विधि
- प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
- जोडी कार्य तथा समूह कार्य विधि
- समस्या समाधान

- एक महिने प्रमाणीकरण तालिमको दोस्रो खण्डका लागि तोकिएको परियोजना कार्य सम्पादन गर्न सन्दर्भ सामग्री अध्ययन, विज्ञसँगको परामर्श तथा प्रतिवेदन लेखन गर्नु मूलत: प्रत्येक प्रशिक्षार्थीको दायित्व हुने छ । यस कार्यका लागि प्रशिक्षार्थीलाई आवश्यक परेमा इमेल वा फोनमार्फत वा प्रत्यक्ष भेट गरी सम्बन्धित प्रशिक्षकबाट मार्गदर्शन प्राप्त गर्ने सुविधा उपलब्ध हुने छ ।
- तालिमको अन्त्यमा शिक्षक पेसागत विकास प्रारुप (परिमार्जन संस्करण), २०८० अनुसार मूल्याङ्कन र शैक्षिक जनशक्ति विकास परिषद्को निर्णयबमोजिम प्रमाणीकरण गरिने छ । तालिमको प्रमाणीकरणपश्चात् सम्बन्धित शिक्षा तालिम केन्द्रबाट प्रमाणपत्र प्रदान गरिने छ ।

६. मूल्याङ्कन

(क) तालिममा सहभागी शिक्षकको मूल्याङ्कनको कुल भार १०० अङ्कको हुने छ।

(ख) मूल्याङ्कनका आधार र अङ्क विभाजन तलको तालिकामा उल्लेख भएअनुसार हुने छ।

क्र.स.	**मूल्याङ्कनका आधार**	**अङ्क**
पहिलो खण्ड : आमनेसामने, अनलाइन तथा मिश्रित (Blended**) पद्धतिमा आधारित कार्यशाला**		

१	**सहभागिता**	**१५**
१.१	उपस्थिति	३
१.२	छलफल तथा प्रस्तुतीकरणमा सक्रियता	६
१.३	आचारसंहिताको पालना	३
१.४	तालिमप्रतिको प्रतिबद्धता	३
२	**लिखित परीक्षा**	**३०**
३	**विद्यालयमा आधारित तालिमका क्रियाकलाप सञ्चालनका लागि कार्ययोजना निर्माण**	**५**
	जम्मा	**५०**
दोस्रो खण्ड : विद्यालयमा आधारित तालिमका क्रियाकलापहरू		
१	कार्यसम्पादन	२१
२	प्रतिवेदन	२१
३	प्रस्तुतीकरण	८
	जम्मा	**५०**
दुबै खण्डको कुल जम्मा		**१००**

(ग) तालिममा अनुपस्थित रहँदा प्रति सत्र ०.५ अङ्क घटाइने छ र तीन सत्र वा सोभन्दा बढी अनुपस्थित हुने सहभागीको तालिम पूरा नभएको मानिने छ।

(घ) तिस अङ्कको लिखित परीक्षाका लागि १० ओटा बहुवैकल्पिक प्रश्नमा ५ अङ्क, ५ ओटा संक्षिप्त उत्तरात्मक प्रश्नमा १५ अङ्क र २ ओटा लामो उत्तरको प्रश्नमा १० अङ्क छुट्याइने छ । तालिमको वैधताका लागि तालिम पाठ्यक्रम समेट्ने गरी विशिष्टीकरण तालिका निर्माण गरी प्रश्न पत्र निर्माण गरिने छ ।

(ङ) शिक्षकले तोकिएका कार्यहरू विद्यालयका प्रधानाध्यापकसँगको समन्वय, सहकार्य, सहयोग र सहजीकरणमा सम्पादन गर्नुपर्ने छ ।

(च) शिक्षकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन सम्बन्धित विद्यालयका प्रधानाध्यापकबाट र प्रधानाध्यापकले सम्पादन गरेका कार्यहरूको प्रतिवेदन स्थानीय तहको शिक्षा शाखा वा शाखाले तोकेको विज्ञबाट प्रमाणित गरेको हुनुपर्ने छ।

(छ) विद्यालयमा आधारित तालिम क्रियाकलापको मूल्याङ्कनका आधारहरू निम्नबमोजिम हुने छः

क्र.स.	क्षेत्र	मूल्याङ्कनका आधार	अङ्क
१.	कार्यसम्पादन	१. कम्तीमा दशओटा पाठयोजनासहित अभ्यास शिक्षण **२.** शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) ३. कार्यमूलक अनुसन्धान ४. पाठ अध्ययन अभ्यास (Lesson Study Practice) ५. सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग ६. सम्बन्धित विषय शिक्षणमा पूरक सामग्रीको उपयोग ७. पन्ध्र दिनको आमनेसामने वा अनलाइन वा मिश्रित विधिमा तालिम पाठ्यक्रमअनुसार निर्धारण गरिएका विषयवस्तुमा आधारित भई क्रम सङ्ख्या छसम्मका विषयवस्तुसँग नदोहोरिने गरी अन्य परियोजना कार्य	७ × ३ = २१
२.	प्रतिवेदन	प्रतिवेदनको गुणस्तरीयता १. ढाँचा २. विषयवस्तुको प्रस्तुति ३. विश्वासनीय प्रमाणहरू	७ ओटा प्रतिवेदन × ३ = २१
३.	प्रस्तुतीकरण	१. आत्मविश्वास २. प्रस्तुतीकरण शैली ३. तर्कपूर्ण अभिव्यक्ति ४. प्रतिबिम्बन	८

(ज) सहभागीले प्राप्त गरेको अङ्कलाई निम्नअनुसार श्रेणी विभाजन गरिने छः

क्र.स.	श्रेणी	अङ्क
१	विशिष्टतासहितको प्रथम श्रेणी	९० र सोभन्दा माथि
२	प्रथम श्रेणी	८० देखि ९० अङ्कभन्दा कम
३	द्वितीय श्रेणी	६५ देखि ८० अङ्कभन्दा कम
४	तृतीय श्रेणी	५० देखि ६५ अङ्क भन्दा कम
५	अनुत्तीर्ण	५० भन्दा कम अङ्क

(झ) तालिममा सफल हुन दुवै खण्डमा कम्तीमा ५०/५० प्रतिशत अङ्क प्राप्त गर्नुपर्ने छ।

७. परियोजना कार्य

दोस्रो खण्डको लागि विद्यालयमा आधारित परियोजना कार्यहरू निर्धारण गरिएका छन् । प्रत्येक परियोजनाको परिणामका (Output) रुपमा प्रत्येक प्रशिक्षार्थीले प्रतिवेदन स्वरुपको अलग अलग प्रतिवेदन दस्तावेज शिक्षा तालिम केन्द्रसमक्ष अनिवार्य रूपमा पेस गर्नुपर्ने छ :

परियोजना कार्य १ : पाठयोजनामा आधारित शिक्षण अभ्यास

- दिइएको ढाँचामा कम्तीमा फरक फरक १० ओटा पाठयोजना तयारी गर्ने
- प्रत्येक पाठयोजनाका आधारमा शैक्षणिक सामग्री विकास गर्ने
- प्रधानाध्यापकबाट सबै पाठयोजना प्रमाणित गर्ने
- पाठयोजनाका आधारमा कार्यतालिकाबद्ध शिक्षण अभ्यास गर्ने
- विद्यार्थीको सिकाइको अवस्था तथा आफ्नो सिकाइ सहजीकरण अनुभव समेटी प्रतिवेदन तयार गर्ने

नोट : यस कार्यअन्तर्गत अन्य परियोजना कार्यले नसमेटेका विषयवस्तु शिक्षणका लागि मात्र पाठयोजना तयार गर्ने

परियोजना कार्य २ : शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP)

- शिक्षकले आफ्नो शिक्षण सुधारका लागि माध्यमिक तह कक्षा ९ र १० को लागि तल दिइएको ढाँचामा शिक्षण सुधार योजना (Teaching Improvement Plan-TIP) र सोको कार्यान्वयनको उपलब्धि प्रतिवेदन तयार पार्ने

शिक्षण सुधार योजना (TIP)

शिक्षकको नाम : ....

विद्यालयको नाम : ....

योजना अवधि : २०८ .... महिनादेखि २०८ .... महिनासम्म

क्र.स.	सूचक	मौजुदा स्थिति (Baseline)	अपेक्षित लक्ष्य	लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू
१	विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क			
(क)	कक्षा .... विषय			
(ख)	कक्षा .... विषय			
२	स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने)			
३	प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या			
४	स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने)			
५	प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापकबाट शिक्षकलाई अनुगमन सहायता			

क्र. स.	सूचक	मौजुदा स्थिति (Baseline)	अपेक्षित लक्ष्य	लक्ष्य पूरा गर्न सम्पादन गरिने मुख्य कार्यहरू
	एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर)			

....

मिति शिक्षकको दस्तखत विद्यालयको छाप प्रअको दस्तखत

शिक्षण सुधार योजना (TIP) उपलब्धि प्रतिवेदन

शिक्षकको नाम : .... विद्यालयको नाम : ....

योजना अवधि : २०८ .... महिनादेखि २०८ ....महिनासम्म

क्र. स.	सूचक	मौजुदा स्थिति Baseline)	अपेक्षित लक्ष्य	लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू	प्रगति	कार्यसम्पादनको अनुभव
१	विद्यार्थीको औसत उपलब्धि/प्राप्ताङ्क					
(क)	कक्षा .... विषय					
(ख)	कक्षा .... विषय					
२	स्वमूल्याङ्कनका आधारमा शिक्षणमा शैक्षणिक सामग्री प्रयोगका स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने)					

क्र. स.	सूचक	मौजुदा स्थिति Baseline)	अपेक्षित लक्ष्य	लक्ष्य पूरा गर्न सम्पादन गरिएका मुख्य कार्यहरू	प्रगति	कार्यसम्पादनको अनुभव
३	प्रतिदिन क्रियाकलाप विवरण तयारीसहितको शिक्षण गरेको पाठ सङ्ख्या					
४	स्वमूल्याङ्कनका आधारमा प्रभावकारी शिक्षणका निमित्त विद्यालय प्रअबाट प्राप्त सहयोगको स्थिति (न्यूनबाट उच्च तहको दरमा १, २, ३, ४ मा मापन गर्ने)					
५	प्रशिक्षक/रोस्टर प्रशिक्षक/शिक्षा अधिकृत/प्रधानाध्यापक बाट शिक्षकलाई अनुगमन सहायता एवम् शैक्षणिक परामर्श सम्पन्न हुने पटक (तालिम अवधिभर)					

....

मिति शिक्षकको दस्तखत विद्यालयको छाप प्रअको दस्तखत

परियोजना कार्य ३ : कार्यमूलक अनुसन्धान

- शिक्षकले आफ्नो कार्यसम्पादन सुधारका लागि कुनै एउटा विषय क्षेत्रमा निम्नलिखित चक्रअनुसार कार्यमूलक अनुसन्धान गरी सोको प्रतिवेदन तयार पार्ने



कायमूलक अनुसन्धानका लागि सम्भावित क्षेत्रहरू

- शिक्षकलाई सिकाइ सहजीकरण गर्न तथा विद्यार्थीलाई सिक्न समस्या भएको विषयवस्तु शिक्षण
- फरक फरक सिकाइ स्तरका विद्यार्थीलाई उनीहरूको सिकाइ स्तरअनुसार शिक्षण
- विद्यार्थीका सिकाइ शैलीका आधारमा शिक्षण
- विद्यार्थीमा नेतृत्व क्षमता विकास
- विद्यार्थीको सिकाइमा सक्रिय सहभागिता
- कक्षामा शिक्षक र विद्यार्थीबिच अन्तर्क्रिया
- विद्यार्थीमा समालोचनात्मक चिन्तन
- विद्यार्थी मूल्याङ्कन
- विद्यार्थी उपस्थिति
- विद्यार्थी सकारात्मक अनुशासन
- विद्यार्थीमा सहयोगी भावनाको विकास
- सिकाइमा विद्यार्थी उत्प्रेरणा
- विद्यार्थीमा स्वनिर्देशित सिकाइको बानी बसाउन
- विद्यार्थीमा सकारात्मक सोच विकास
- विद्यार्थीहरूलाई उनीहरूको सिकाइ प्रति जम्मेवार बनाउनु
- विद्यार्थीमा सिकाइ संस्कृतिको विकास
- कक्षा व्यवस्थापन

परियोजना कार्य ४ : पाठ अध्ययन (Lesson Study)

- शिक्षण तथा विद्यार्थीहरूको सिकाइमा केन्द्रित भई शिक्षकले आफ्नो शिक्षणमा सुधार ल्याउन समूहमा कुनै एउटा पाठ शिक्षणका लागि तल दिइएको चक्रअनुसार पाठ अध्ययन गरी सोको प्रतिवेदन समेत तयार गर्ने



परियोजना कार्य ५ : सिकाइमा नवप्रवर्तनका लागि सूचना तथा सञ्चार प्रविधिको उपयोग

- नेपाली विषयको कुनै पाठ शिक्षणका लागि उपयुक्त वेवबेस सामग्रीको खोजी तथा सङ्कलन वा डिजिटल सामग्रीको खोजी, निर्माण तथा सम्पादन वा सफ्टवेयरहरूको पहिचान गर्ने
- खोजी, सङ्कलन, निर्माण तथा सम्पादन गरिएका ती सूचना तथा सञ्चार प्रविधिका सामग्री प्रयोग गरी पाठ शिक्षण गर्ने

- ती सामग्रीको प्रयोग गरी शिक्षण गर्दा विद्यार्थीको सिकाइमा परेको प्रभाव तथा शिक्षण अनुभवसहितको प्रतिवेदन तयार गर्ने

परियोजना कार्य ६ : नेपाली विषय शिक्षणमा पूरक सामग्रीको उपयोग

- नेपाली विषयको कुनै पाठ शिक्षणका लागि उपयुक्त पूरक सामग्री (सन्दर्भ सामग्री जस्तै : स्रोत सामग्री, थप पाठ्यसामग्री, पत्रपत्रिका, लेख, अनुसन्धान प्रतिवेदन आदि) को खोजी गर्नुहोस् ।
- नेपाली विषयका विषयवस्तु शिक्षणमा ती पूरक सामग्री प्रयोग गर्नुहोस् ।
- प्रयोग गरिएका पूरक सामग्री (सन्दर्भ सामग्री) को नाम, प्रयोग गरिएको तरिका र शिक्षण अनुभवसहितको प्रतिवेदन तयार गर्नुहोस् ।

परियोजना कार्य ७ : नेपाली भाषा शिक्षणका विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी परियोजना कार्य

तालिममा सहभागी शिक्षकले नेपाली भाषा शिक्षणका विधि, सामग्री तथा विद्यार्थी मूल्याङ्कन आदि सम्बन्धी तल दिइएका परियोजना कार्यमध्ये कुनै एउटा परियोजना कार्य सम्पादन गर्नुपर्ने छ :

१ शब्दभण्डार

- शब्दभण्डार शिक्षणका लागि उपयोग गर्न सकिने शैक्षणिक सामग्रीहरूको सूची तयार पार्ने
- शब्दभण्डार शिक्षणका क्रममा उपयोग गर्न सकिने शैक्षणिक सामग्री निर्माण तथा सङ्कलन गर्ने
- उक्त सामग्रीको उपयोग गरी पाठ्यपुस्तकमा दिइएका कुनै दुई पाठसँग सम्बन्धित शब्दभण्डार सम्बन्धी अभ्यासको सहजीकरण गर्ने
- विद्यार्थीलाई सहभागिताको पर्याप्त अवसर प्रदान गर्ने
- विद्यार्थीका सिकाइ गतिविधिको अवलोकन गर्ने
- विद्यार्थीको सिकाइमा देखिएका परिवर्तन तथा अनुभव समेटी प्रतिवेदन तयार गर्ने

२ निबन्धात्मक पाठ सहजीकरण

- कक्षा ६,७ र ८ को भाषा पाठ्यपुस्तकमा समावेश भएका निबन्धात्मक पाठको सूची बनाउने
- कुनै एउटा निबन्धात्मक पाठका लागि निर्धारित पाठ्यघण्टाअनुसार पाठ्यवस्तु विभाजन गरी एकाइ योजना निर्माण गर्ने
- एकाइ योजनाका आधारमा ज्ञान, बोध, प्रयोग र उच्च दक्षता जस्ता सिकाइका तहको प्रयोग हुने गरी दैनिक पाठ योजना तयार पार्ने
- पाठयोजनामा निर्धारित क्रियाकलापअनुसार उत्सुकता, ज्ञान आर्जन तथा दिगो सिकाइ वा मूल्याङ्कनका क्रियाकलाप चरणबद्ध रूपमा सञ्चालन गरी सिकाइ सहजीकरण गर्ने
- सहजीकरणपश्चात् विद्यार्थीको सिकाइमा देखिएका परिवर्तन तथा अनुभवलाई समेटी प्रतिवेदन तयार गर्ने

३ भाषिक प्रकार्य

- नेपाली भाषा पाठ्यक्रम (कक्षा ६, ७ र ८) को भाषिक प्रकार्यअन्तर्गत समेटिएका विषयवस्तुहरूको सूची तयार पार्ने
- भाषिक प्रकार्य खण्डमा समेटिएका सन्दर्भहरूमध्ये कुनै पाँचओटा सन्दर्भसँग सम्बन्धित विषयवस्तुलाई सिकाइ सहजीकरण गराउनका लागि सङ्क्षिप्त योजना (उद्देश्य र क्रियाकलापमा मात्र) तयार पार्ने
- योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने र त्यसबाट प्राप्त अनुभवलाई आत्ममूल्याङ्कनसहितको टिपोट तयार पार्ने

- माथिका क्रियाकलाप र अनुभवका आधारमा नेपाली भाषा पाठ्ययपुस्तक (कक्षा ६, ७ र ८) मा भाषिक प्रकार्य समावेश गर्नुका कारण उल्लेख गरी भाषिक प्रकार्यको मर्म/अवधारणाको व्यावहारिक पक्षबारे टिपोट गर्ने

४ आन्तरिक मूल्याङ्कन

- पाठ्यक्रमले निर्देश गरेअनुसार कक्षा ६-८ को आन्तरिक मूल्याङ्कनका आधारहरूको तालिकीकरण गर्ने
- ती आधारमध्ये सुनाइ तथा बोलाइ सिप विकासका लागि गराउन सकिने सिकाइ सहजीकरण क्रियाकलाप तथा उक्त क्रियाकलाप सञ्चालनका क्रममा प्रयोग गर्न सकिने शैक्षणिक सामग्रीहरू सङ्कलन/निर्माण गर्ने
- उक्त शैक्षणिक सामग्रीहरूको प्रयोग गरी कुनै एउटा आख्यानात्मक पाठमा केन्द्रित रही सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने
- उक्त क्रियाकलापले विद्यार्थीको सुनाइ तथा बोलाइ सिपमा आएको परिवर्तन समेटी प्रतिवेदन तयार गर्ने

५ सिर्जना तथा परियोजना

- कक्षा ७ र ८ को भाषा पाठ्यपुस्तकमा समावेश भएका सिर्जना तथा परियोजना कार्यको सूची बनाउने
- कुनै तीनओटा पाठअन्तर्गतका सिर्जना तथा परियोजनासम्बन्धी अभ्यास गराउनका लागि सङ्क्षिप्त पाठयोजना बनाउने
- योजनाअनुसार सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्ने
- निर्देशनअनुसार काम गरे नगरेको अवलोकन गर्ने र आवश्यक सहजीकरण गर्ने

- सहजीकरणपश्चात् विद्यार्थीको सिकाइमा देखिएका परिवर्तन तथा अनुभवलाई समेटी प्रतिवेदन तयार गर्ने

६ उच्चारण अभ्यास

- विद्यार्थीलाई कठिन शब्द पहिचान गर्न लगाई उच्चारण अभ्यास गराउने र तिनको ध्वनि विच्छेद गर्न लगाई ती ध्वनिलाई जोड्ने समेत लगाउने । यस व्रmममा पहिलो र दोस्रो नेपाली भाषी विद्यार्थीहरूको पहिचान गरी शब्द वा वाक्यको उच्चारण अभ्यास गराउने
- शब्दहरूको उच्चारण अभ्यास तथा ध्वनि विच्छेद र ध्वनियोगमा देखा परेका त्रुटिको पहिचान गरी अभिलेख राख्ने
- पहिलो र दोस्रो भाषा नेपाली भएका विद्यार्थीहरूबिच उच्चारण अभ्यासको तुलना गर्दै अन्तर हुनुको कारण पहिचान गर्ने
- पहिलो र दोस्रो भाषीका विद्यार्थीहरूको उच्चारण क्षमताको मापन गर्दै त्रुटि क्षेत्रको सुधारका लागि व्यावहारिक उपायहरूको सूची तयार गर्ने
- दोस्रो भाषी नेपाली भएका विद्यार्थीहरूको उच्चारण अवस्था जे जस्तो भए पनि त्यसलाई प्रोत्साहन गर्दै शुद्ध र मानक उच्चारण गर्न प्रेरित गर्ने
- समग्र सबै पक्ष समेटेर प्रतिवेदन तयार गर्ने

७ पठन गति मापन र लयबोध

- विद्यार्थीहरूलाई कथा वा गद्य विधाका कुनै अनुच्छेद तोकी सस्वर पठन गर्न लगाउने
- निश्चित समय तोकी कथा वा गद्य रचनालाई भावअनुसार सस्वर पठन गर्न लगाउने
- विद्यार्थीहरूले गरेको सस्वर पठनको अवलोकन गर्ने
- शुद्ध, स्पष्ट र भाव वा लयअनुसारको पठन गति भए नभएको मापन गर्ने

- पठनमा देखिएका त्रुटि र तिनको कारणको पहिचान गर्ने
- कविता वा गीतको लयबोध गराउने तरिकाको सूची बनाउने
- नमुना लय सुनाइएका, युगल वा सामूहिक गायन वा वाचन अभ्यास गराउने
- लय वाचनमा देखिएका त्रुटि र तिनको कारण पहिचान गर्ने
- शुद्ध र भावअनुसारको लय वाचन सुधारका लागि व्यावहारिक उपायहरूको सूची तयार पार्ने
- समग्र सबै पक्ष समेटेर प्रतिवेदन तयार गर्ने

८ शब्दभण्डारको विकास र अभिवृद्धि

- विद्यार्थीहरूलाई पयार्यवाची र विपरीतार्थी शब्दहरूको सूची तयार पारी प्रदर्शन गर्ने र त्यस्ता शब्द उनीहरूलाई पनि भन्न वा लेख्न लगाउने र कक्षामा प्रदर्शन गर्न लगाउने
- अनेकार्र्थी र श्रुतिसमभिन्नार्र्थी शब्दहरूको बारेमा विद्यार्थीहरूलाई जानकारी गराउँदै यस्ता शब्द खोज्न लगाई प्रयोगसहित कक्षामा प्रस्तुत गर्न लगाउने
- अनुकरणात्मक शब्दहरूको सूची तयार पारी तिनलाई वाक्यमा प्रयोग गर्ने तरिका सिकाइ उनीहरूलाई समेत प्रयोग गर्न लगाउने
- प्रचलित केही सरल उखान र टुक्काहरूको अर्थ बोध गराउँदै तिनलाई वाक्यमा प्रयोग गर्ने नमुना प्रस्तुत गर्दै वाक्य निर्माण समेत गर्न लगाउने
- निपात र पारिभाषिक शब्दहरूको पहिचान र प्रयोग गरेका सामग्री प्रदर्शन गर्न लगाउने
- पाठयपुस्तक भित्रैबाट कठिन शब्दहरूको अर्थबोध गराउँदै शब्दकोशको सहायताले अन्य शब्दहरू सङ्कलन गर्ने र गराउने
- समग्र सबै पक्ष समेटेर प्रतिवेदन तयार गर्ने

९ चित्र कथा निर्माण र प्रयोग

- आधारभूत तहका विद्यार्थीहरूको लागि उपयुक्त हुने कथाको एउटा खाका तयार पार्ने
- यसका लागि चित्रहरू बनाउने वा फोटाहरू सङ्कलन गर्ने
- चित्रकथाको उपयुक्त शीर्षक दिने र त्यसको आवरण पृष्ठ बनाउने
- पहिलो पृष्ठमा लेखकको नाम दोस्रोमा प्रकाशकको नाम र तेस्रो पृष्ठको माथिपट्टि चित्र बनाउने वा सङ्कलन गर्नेको फोटो टाँस गर्ने र तल त्यो चित्रसँग सम्बन्धित कथा सरल वाक्यमा लेख्ने
- कथाको प्रारम्भमा समस्याको सिर्जना वा घटनाको प्रस्तुति र समस्याको समाधान गरी सकारात्मक वा शिक्षाप्रद सन्देश प्रवाह गर्दै कथाको अन्त्य गर्ने
- यस्तो कथा तयार पार्दा धेरै लामो नहोस्, आदि मध्य र अन्त्यको श्रृङ्खला नटुटोस् र अनावश्यक गन्थनले स्थान नपाओस् भन्ने पक्षमा सचेत हुने

१० व्यावहारिक र सिर्जनात्मक लेखनको ज्ञान र अभ्यास

- विद्यार्थीहरूलाई दैनिक जीवनमा प्रयोग हुने व्यावहारिक लेखनका बारेमा बताउने र त्यस्ता लेखन के के हुन सक्छन् भन्ने जानकारी गराउने
- निवेदन, घरायसी चिठी, शुभकामनापत्र, निमन्त्रणापत्र जस्ता व्यावहारिक लेखनका नमुना प्रस्तुत गर्दै त्यस्तै ढाचाँमा विद्यार्थीहरूलाई व्यावहारिक लेखनको अभ्यास गराउने
- कुनै चित्र दिएर त्यसको सन्दर्भअनुसार मौलिक वा लिखित वर्णन गर्न लगाउने
- साधारण दैनिकी, वर्णनात्मक प्रबन्ध, सामान्य कथा वा जीवनी लेखनका ढाँचा प्रस्तुत गर्दै विद्यार्थीहरूलाई त्यस्ता सिर्जनात्मक लेखनको अभ्यास गराउने

- निर्देशनका आधारमा कथा, जीवनी, अनुच्छेद, निबन्ध वा प्रबन्ध जस्ता सिर्जनात्मक लेखनको अभ्यास गराई आवश्यक मूल्याङ्कनको साथै तिनमा रहेका कमीकमजोरी देखाई सुधार गरिदिने

नोट : सामग्री निर्माण र प्रयोगसम्बन्धी परियोजना कार्यको हकमा शिक्षा तालिम केन्द्रमा प्रतिवेदन पेस गर्दा सामग्रीसमेत पेस गर्नुपर्ने छ ।

ΩΩΩ